# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड
## HIMALAYAN GENERAL INSURANCE COMPANY LIMITED

केन्द्रिय कार्यालयः वडा नं.१०, थापागांउ, काठमाण्डौं, पो.ब.नं.१४८
फोन नं. ५२४५०९०, ५२४५०९६ फ्याक्स नं. ५२४५०९९

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

आर्थिक वर्ष २०७९/८० को लागि यस हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा विविध प्रकारका सेवाहरू आपूर्ति / उपलब्ध गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृत प्राप्त इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरू सूचीकृत गरिने भएकोले आफूले आपूर्ति/प्रदान गर्ने सामान एवं सेवाहरूको विवरण, फर्म/कम्पनी दर्ता प्रमाणपत्र/स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर (VAT) दर्ता, पछिल्लो आव को कर चुक्ता प्रमाणपत्र, कार्य दक्षता अनुभवको प्रमाणपत्र सहितको आफुले आपुर्ति गर्न चाहेको सामान/सेवाका लागि छुट्टाछुट्टै शिलवन्दी आवेदन सूचना प्रकाशित मितिले १५ दिनभित्र यस कम्पनीको केन्द्रिय कार्यालय, थापागाउँ, काठमाण्डौंमा दर्ता गराउनु सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

**आपूर्ति/उपलब्ध गराउनु पर्ने सामान तथा सेवाहरू**

१) स्टेशनरी सामानहरू (मसलन्द तथा विविध) ।
२) छपाई सम्बन्धी कार्यहरू (विभिन्न बीमालेखहरू, प्रश्ताव फारम, KYC फारम, आदि)
३) कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन र सोको पार्टपूर्जा आपूर्ति तथा मर्मत संभारको कार्य ।
(४) इन्टरनेट सेवाप्रदायक
५) प्रिन्टर र फ्याक्स मेशिनको इन्क कार्टेज तथाटोनर रिफिलिङ्गइत्यादी ।
६) कार्यालय फर्निचर आपूर्ति, फर्निसिङ तथा फ्लोरिङ्ग र पार्टेशन सम्बन्धी र मर्मत सम्बन्धी कार्य ।
७) प्रशोधित (जार) पिउने पानी ।
८) कुरियर सेवा ।
९) विज्ञापन सेवा (आउटडोर मिडिया, पत्रपत्रिका, टिभी, रेडियो, अनलाइन, मल्टिमिडिया, डिजाइनिङ्ग) ।
१०) ट्राभल्स एजेन्सी (हवाई टिकटको लागि) सेवा ।
११) सुरक्षा सेवातथा सरसफाई सम्बन्धी कार्य ।
१२) युपिएस, इभेटर, ब्याट्री, सोलार प्यानल ।
१३) होर्डिङ्गबोर्ड, फ्लेक्स बोर्ड, भित्ते लेखन सम्बन्धी कार्य ।
१४) घर पालुवा जनावरमा लगाउने ट्याग तथा ट्याग लगाउने मेसिन आपूर्ति अन्य शर्त तथा जानकारीहरू :

**नोटः**

सूचिकृत हुने निवेदकहरू मध्येबाट योग्य ठहरिएका आपूर्तिकर्ता, फर्म वा कम्पनीलाई मात्र सूचिकृत गरिनेछ । सूचिकृत भएका फर्म वा कम्पनीहरूले सन्तोषजनक सेवा तथा समयमा सामान आपूर्ति नगरेका खण्डमा सूचिकृतको नाम बिना सूचना हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाइने छैन । सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ म्याद नाघी आएको आवेदन उपर कुनै कारवाही गरिने छैन ।